# Laxmi Laghubitta Bittiya Sanstha Ltd.
# लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

**Central Office:**
Kapan Marg, Maharajgunj, Kathmandu
Phone No.: 01-4373682, 01-4373604
Email: info@laxmilaghu.com.np
Website: www.laxmilaghu.com.np


## अपरिष्कृत संक्षिप्त वित्तीय अवस्थाको विवरण
(२०७९ आश्विन मसान्त सम्मको)

(रकम ने.रु मा)

| विवरण | यस त्रयमास सम्मको (आश्विन मसान्त, २०७९) | गत आ.व.को अन्त सम्म (असार मसान्त,२०७९) |
|---|---|---|
| **सम्पत्ति** | | |
| नगद वा नगद समान | ११०,१३४,६७२ | ८७,८७४,७२० |
| वैधानिक मौज्दात तथा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३४,९८३,००० | ३४,९८३,००० |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | – | – |
| डेरिभेटिभ वित्तीय उपकरणहरु | – | – |
| अन्य व्यापारीक सम्पत्तिहरु | – | – |
| लघुवित्त वित्तीय संस्था तथा सहकारीलाई दिएको कर्जा/सापटी | – | – |
| ग्राहकलाई प्रदान गरिएको कर्जा/सापटी | ७,४३३,०२०,४६६ | ७,७२२,२७०,११० |
| धितोपत्रमा लगानी | २,९८५,१०२ | २,९८५,१०२ |
| यस बर्षको आयकर सम्पत्ति | – | – |
| लगानी सम्पत्तिहरु | – | – |
| सम्पत्ति तथा उपकरण | ५९,१९७,९१७ | ६०,९२६,३३१ |
| ख्याती तथा अमूर्त सम्पत्ति | ९,७४३,६०४ | १०,६९३,७८१ |
| स्थगन कर सम्पत्ति | ५,८३१,८४२ | १९०,००१ |
| अन्य सम्पत्ति | २४८,५०३,००३ | ३२,४५४,५५७ |
| कुल सम्पत्ति | ७,९०४,३९९,६०६ | ७,९५२,३७७,६०३ |
| **दायित्व** | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | – | – |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | – | – |
| डेरिभेटिभ वित्तीय उपकरणहरु | – | – |
| ग्राहकहरुबाट निक्षेप दायित्व | २,५३३,३४१,९०९ | २,५५१,५०६,१०८ |
| सापटी | ४,४३२,५३४,२७२ | ४,४५२,१९६,९३८ |
| यस बर्षको आयकर दायित्व | ५,२६०,५६३ | १,५४१,६७५ |
| व्यवस्थाहरु | – | – |
| स्थगन कर दायित्व | – | – |
| अन्य दायित्वहरु | १०९,४२४,५५२ | १००,०७६,९६२ |
| जारी गरिएका ऋणपत्रहरु | – | – |
| अधिनस्थ दायित्वहरु | – | – |
| कुल दायित्व | ७,०८०,५६१,२९६ | ७,१०५,३२१,६८३ |
| **इक्विटी** | | |
| शेयर पूँजी | ३८४,०५४,००० | ३८४,०५४,००० |
| शेयर प्रिमियम | – | – |
| सञ्चित मुनाफा | २१५,२२६,४६५ | २९८,८५१,७०६ |
| जगेडा तथा कोषहरु | २२४,५५७,८४५ | १६४,१५०,२१४ |
| कुल इक्विटी | ८२३,८३८,३१० | ८४७,०५५,९२० |
| कुल दायित्व र इक्विटी | ७,९०४,३९९,६०६ | ७,९५२,३७७,६०३ |

## अपरिष्कृत संक्षिप्त नाफा/नोक्सान विवरण
(श्रावण १,२०७९ देखि ३१ आश्विन,२०७९ सम्म)

रकम ने.रु.मा

| विवरण | चालु आ.व.२०७९/८० | | चालु आ.व.२०७८/७९ | |
|---|---|---|---|---|
| | यस त्रयमास | यस त्रयमास सम्म | यस त्रयमास | यस त्रयमास सम्म |
| ब्याज आम्दानी | २८७,७७२,८३६ | २८७,७७२,८३६ | २४५,०९८,८०७ | २४५,०९८,८०७ |
| ब्याज खर्च | १७९,५०५,७६७ | १७९,५०५,७६७ | १०९,५०५,४१८ | १०९,५०५,४१८ |
| खुद ब्याज आम्दानी | १०८,२६७,०६९ | १०८,२६७,०६९ | १३५,५९३,३८९ | १३५,५९३,३८९ |
| शुल्क तथा कमिशन आम्दानी | २१,८२५,८०९ | २१,८२५,८०९ | ३२,६७०,१८१ | ३२,६७०,१८१ |
| शुल्क तथा कमिशन खर्च | ७,१५७ | ७,१५७ | १,७२० | १,७२० |
| खुद शुल्क तथा कमिशन आम्दानी | २१,८१८,६५२ | २१,८१८,६५२ | ३२,६६८,४६१ | ३२,६६८,४६१ |
| खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी | १३०,०८५,७२० | १३०,०८५,७२० | १६८,२६१,८५० | १६८,२६१,८५० |
| खुद व्यापारीक आम्दानी | – | – | – | – |
| अन्य सञ्चालन आम्दानी | – | – | – | – |
| कुल सञ्चालन आम्दानी | १३०,०८५,७२० | १३०,०८५,७२० | १६८,२६१,८५० | १६८,२६१,८५० |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | ४४,५६३,७३८ | ४४,५६३,७३८ | २०,४५६,५१२ | २०,४५६,५१२ |
| खुद सञ्चालन आम्दानी | ८५,५२१,९८२ | ८५,५२१,९८२ | १४७,८०५,३३७ | १४७,८०५,३३७ |
| सञ्चालन खर्च | | | | |
| कर्मचारी खर्च | ७५,५८०,२३७ | ७५,५८०,२३७ | ६९,७९७,५३६ | ६९,७९७,५३६ |
| अन्य सञ्चालन खर्च | ११,३१९,१७८ | ११,३१९,१७८ | ८,९६८,९५८ | ८,९६८,९५८ |
| ह्रासकट्टी र परिशोधन | २,७४३,६२८ | २,७४३,६२८ | २,३४१,८४९ | २,३४१,८४९ |
| सञ्चालन मुनाफा | (४,१२१,०६१) | (४,१२१,०६१) | ६६,६९६,९९४ | ६६,६९६,९९४ |
| गैर सञ्चालन आम्दानी | ६,९१५ | ६,९१५ | – | – |
| गैर सञ्चालन खर्च | – | – | – | – |
| आयकर अघिको नाफा | (४,११४,१४६) | (४,११४,१४६) | ६६,६९६,९९४ | ६६,६९६,९९४ |
| आयकर खर्च | – | – | २०,००९,१०० | २०,००९,१०० |
| चालु आयकर | – | – | २०,००९,१०० | २०,००९,१०० |
| स्थगन कर खर्च/(आम्दानी) | – | – | – | – |
| यस अवधिको मुनाफा | (४,११४,१४६) | (४,११४,१४६) | ४६,६८७,८९४ | ४६,६८७,८९४ |
| प्रति शेयर आम्दानी : | | | | |
| आधारभूत प्रति शेयर आम्दानी (Basic EPS) | – | – | – | १४.५९ |
| डाइल्युटेड प्रति शेयर आम्दानी (Diluted EPS) | – | – | – | १४.५९ |

## नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमका अनुपातहरू

| विवरण | चालु आ.व.२०७९/८० | | चालु आ.व.२०७८/७९ | |
|---|---|---|---|---|
| | यस त्रयमास | यस त्रयमास सम्म | यस त्रयमास | यस त्रयमाससम्म |
| पूँजी कोष/जोखिम भारित सम्पत्ती | – | १०.७४% | – | १०.६१% |
| निष्कृय कर्जा/कूल कर्जा सापटी | – | ४.४४% | – | ३.७९% |
| कूल कर्जा नोक्सानी ब्यवस्था/निष्कृय कर्जा | – | ९९.६६% | – | १००.२४% |
| कोषको लागत | – | १०.५७% | – | ७.२४% |
| कर्जा/ निक्षेप अनुपात (**ने.रा.बै.को निर्देशन बमोजिम गणना गरिएको**) | – | २६६.६५% | – | २८१.६९% |
| आधारदर | – | १५.५६% | – | ११.८४% |
| ब्याजदर स्प्रेड | – | ५.१४% | – | ७.७०% |

## ब्याजदर

| | |
|---|---|
| १. निक्षेप | ६% – ९.७५% |
| २. कर्जा तथा सापटी | १२% – १५% |

## वितरण योग्य नाफा/नोक्सान सम्बन्धी विवरण
२०७९ साल आश्विन मसान्तसम्मको

| विवरण | रकम (ने.रु.मा) |
|---|---|
| आश्विन मसान्त,२०७९ सम्मको खुद नाफा/(नोक्सान) | – |
| १.विनियोजन : | – |
| क) साधारण जगेडा | – |
| ख) पूँजी फिर्ता जगेडा कोष | – |
| ग) सटही घटबढ कोष | – |
| घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष | – |
| ङ) कर्मचारी तालिम कोष | – |
| च) ग्राहक संरक्षण कोष | – |
| छ) अन्य | – |
| नियमनकारी समायोजन अघिको नाफा/नोक्सान | – |
| २.नियमनकारी समायोजन : | – |
| क) नियमनकारी कोषमा रकमान्तर | |
| ख) नियमनकारी कोषबाट रकमान्तर | – |
| वितरण योग्य नाफा/(नोक्सान)- आश्विन मसान्त,२०७९ सम्मको | – |

**टिप्पणीहरु:**

१. अपरिष्कृत वित्तीय प्रतिवेदन नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाद्वारा अनुपालना गरिएको ब्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम निर्दिष्ट भएर तयार पारिएको छ।
२. ग्राहकहरुलाई प्रदान भएको कर्जा सापट रकमलाई हानी/नोक्सानी Impairment कट्टा गरी लेखांकन गरिएको र सो मा कर्मचारीहरुलाई प्रदान भएको कर्जा/सापटी समेत संलग्न रहेको छ।
३. उल्लेखित अपरिष्कृत वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्य लेखापरिक्षकहरुबाट कुनै फेरबदल गर्न सुझाय बमोजिम परिवर्तन हुने सक्ने छ।
४. आवश्यकता अनुसार अंकहरुलाई पुनः वर्गीकरण गरिएको छ।
५. अपरिष्कृत वित्तीय प्रतिवेदन वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा समेत अपलोड गरिएको छ।

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अन्तर्गतको अनूसुची–१४ बमोजिम

## आ.व. २०७९/८० को प्रथम त्रैमासिक अवधिको विवरण

### १. वित्तीय विवरण :

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**

चालु आ.व.२०७९/८० को प्रथम त्रयमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा (Institute of Chartered Accountants of Nepal-ICAN) अनुपालनाको लागि सुचित गरिएका ब्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन नं.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मूनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा पनि राखिएको छ।

**ख) सम्बन्धित पक्ष बीचको कारोवार :**

लक्ष्मी बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा स्थापित यस लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडमा संस्थापक शेयरधनी श्री लक्ष्मी बैंक लिमिटेडको ७०% शेयर स्वामित्व रहेको छ भने ३०% शेयर स्वामित्व सर्वसाधारणहरुको रहेको छ। सम्बन्धित पक्षसँगको कारोवार अन्तर्गत यस वित्तीय संस्थाको लक्ष्मी बैंकमा रहेको बैंक मौज्दात र लक्ष्मी बैंकबाट प्राप्त विपन्न वर्ग अन्तर्गत कर्जा तथा ऋण सापटी विवरण तपशिल बमोजिम रहेको छ।

| क्र.सं | लक्ष्मी बैंकमा रहेको मौज्दात (रु.) | लक्ष्मी बैंकबाट प्राप्त कर्जा (रु.) |
|---|---|---|
| १. | ८,३०१,१४६ | २,९५२,५६९,१४६ |

ग) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी (बार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तीको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| – | – | रु.२१४.५१ | रु.२,०५८.१५ | ४.९२% |

### २. व्यवस्थापकीय विश्लेषण :

**क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**

वित्तीय संस्थाको चालु आ.व.२०७९/८० को प्रथम त्रयमास सम्ममा सदस्य संख्या, ऋणी संख्या, लगानीमा रहेको कर्जा लगायत सदस्यहरुबाट प्राप्त निक्षेपहरुमा परिवर्तन भएको छ। वित्तीय बजारमा देखिएको लगानी योग्य रकमको अभाव, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सापटीको बढ्दो दोहोरो अंकको ब्याजदर, निष्कृय कर्जा बृद्धि सँगै बृद्धि भएको कर्जा नोक्सानी ब्यवस्थाको कारण मुनाफा ऋणात्मक रहेको छ। लगानी योग्य रकमको अभावलाई ध्यानमा राख्दै वित्तीय संस्थाले तरलता ब्यवस्थापन उच्च प्राथमिकता दिदैं आएको छ। वित्तीय बजारमा लगानी योग्य रकमको सहजता पश्चात वित्तीय कारोवारहरुमा केहि सुधार भई बैंकको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने ब्यवस्थापनको प्रक्षेपण रहेको छ।

**ख) आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**

नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापना काल देखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिवी घटाउने, जीवनस्तरमा गुणस्तरयुक्त सकरात्मक स्तरोन्नतिसँगै वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडि बढिरहेको छ।

हाल देशका विभिन्न स्थानहरुमा ९० वटा शाखा कार्यालय मार्फत १०५,६८० विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ।

- लघुवित्त वित्तीय संस्था स्थापनाको उद्देश्यलाई ध्यानमा राखी संस्थाले कृषि उत्पादन, पशुपालन, सेवा ब्यवसाय तथा लघु उद्यम जस्ता ब्यवसायहरु सञ्चालनको लागि उच्च प्राथमिकताका साथ महिला वर्गलाई केन्द्रित गरेर लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ।
- वित्तीय संस्थाले आफ्नो शाखा कार्यालयहरु मार्फत वित्तीय साक्षरता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। संस्थाले ग्राहक,ग्राहकका घरपरिवार, समाजमा रहेका विभिन्न वर्गहरु लगायत विभिन्न तहमा अध्ययनरत बिधार्थीहरुलाई समेत समय समयमा वित्तीय साक्षरता सम्बन्धी ज्ञान अभिबृद्धि गर्ने कार्यक्रमहरु गर्दै आएको छ।
- वित्तीय संस्थाका सेवा तथा सुविधाहरुलाई प्रविधिमैत्री र वित्तीय पहुँच अभिबृद्धि गर्ने उद्देश्य र ग्राहकहरुलाई छिटो, छरितो, सहज, पारदर्शी, विश्वसनीय र न्युन लागतमा सेवा प्रवाह गर्ने सोचलाई सार्थकता दिन संस्थाले E-Sewa, Khalti, Connect IPS जस्ता डिजिटल माध्यमहरुलाई कार्यान्वयनमा ल्याईसकेको छ।
- वित्तीय कारोवारहरुमा पारदर्शिता प्रदान गर्न ग्राहकहरु स्वयंले आफ्नो मोवाईल मार्फत बैंक स्टेटमेण्ट हेर्ने कस्टुमर फेसिङ्ग एप्लिकेशन "Laxmi Laghubitta-Smart App" सेवा सुचारु भईसकेको छ भने संस्थाको सम्पूर्ण शाखा कार्यालयहरुले ट्याब्लेट बैंकिङ्ग कारोवार सुचारु गरिसकिएको छ। ग्राहकहरुको संस्था प्रतिको विश्वसनीयता र पारदर्शिता कायम गर्न ग्राहकहरुको वित्तीय कारोवारहरुको जानकारी SMS Alert मार्फत प्रदान गर्ने ब्यवस्था कार्यान्वयनमा ल्याउने तयारी भईरहेको छ। सो सँगसँगै वित्तीय संस्थाले आधिकारिक रुपमा "भुक्तानी सेवा प्रदायक" सम्बन्धि कार्य गर्ने गरी मोवाईल बैंकिङ्ग "Laxmi Laghubitta Mobile पैसा" कारोवारलाई सुचारु गरिरहेको छ। जसको माध्यमबाट ग्राहकहरुले आधुनिक बैकिङ्ग सरहका सुविधाहरुः Fund transfers र Utility Payments गर्न सकिने ब्यवस्था रहेको छ।

साथै, आगामी दिनहरुमा लघुवित्तको कारोवारहरुलाई कर्जा, बचत र रेमिट्यान्स सुविधाहरुमा मात्र सिमित नगरी समयानुकुल ग्राहकको बदलिँदो चाहनालाई दृष्टिगत गरी संस्थाले उपलब्ध गराउदै आएको सेवा तथा सुविधाहरुमा थप परिष्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिबद्व रहेको छ।

**ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

लगानी योग्य रकमको अभाव ,श्रोतको परनिर्भरता र अपर्याप्तता, कर्जा/सापटीको ब्याजदरमा भएको उच्च बृद्धि, लघुवित्त संस्थाहरु बीच देखिएको कर्जाको दोहोरोपना,अस्वस्थ प्रतिस्पर्धा, बाह्य वातावरणीय प्रभावको कारण ग्राहकहरुमा कर्जाको किस्ता भुक्तानीमा भएको ढिलासुस्ती जस्ता समस्याहरुको कारण चालु आ.व.२०७९/८० को प्रथम त्रयमासको नगद प्रवाह, बैंक तथा नगद मौज्दात लगायत नाफा नोक्सानमा प्रत्यक्ष असर परेको छ। यधपि कर्जा जोखिम, तरलता ब्यवस्थापन लगायतका अन्य बिविध जोखिमहरु ब्यवस्थापन गर्न ब्यवस्थापन कटिबद्ध रहेको छ।

### ३. कानुनी कारवाही सम्बन्धी विवरण :

क) त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन।
ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।
ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

### ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारमा तरलता समस्यासँगै अन्य बिविध कारणहरुले धितोपत्र बजारलाई असर पारेता पनि यस वित्तीय संस्थाको शेयर कारोवार सन्तोषजनक रुपमा नै भईरहेको छ।
ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| रु.१,५०६.०० | रु.१,११५.१० | रु.१,१५५.०० | ६५ | १,५५७ |

### ५. समस्या तथा चुनौती :

अर्थतन्त्रमा देखा परेको तरलता समस्या र सोको कारण लगानी योग्य कोषको अभावले लघुवित्त क्षेत्र पनि अत्याधिक प्रभावित रहेको छ। स्रोतको परनिर्भरता र लगानीयोग्य रकमको अभावको कारण गत त्रयमासमा माग बमोजिमको कर्जा प्रवाहमा प्रतिकुल असर परेको छ। स्रोतको अनिश्चितता, कोषको लागतमा भएको बृद्धि साथसाथै अन्य लघुवित्त वित्तीय संस्थाहरुको लक्षित वर्ग र सञ्चालित क्षेत्रहरु समान रहेको कारण संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुने सम्भावनालाई दृष्टिगत गरी कारोवारहरु गर्नु पर्ने अवस्था रहेको छ।

### ६. संस्थागत सुशासन :

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गरिरहेको छ। संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, ब्यवस्थापन सूचना प्रणाली, सम्पत्ति दायित्व ब्यवस्थापन नीति, लगानी नीति, जोखिम ब्यवस्थापन नीति, लेखापरीक्षण नीति लगायतका नीति तथा निर्देशिकाहरु तयार गरी कार्यान्वयन गरिरहेको छ। संस्थाले आफ्नो कारोवारको चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापन तहमा लेखापरिक्षण समिति,जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, लगायतका समितिहरु गठन गरेको छ।

### ७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण:

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।